# नेपाल गजेट
## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५ ] काठमाडौं आश्विन ३१ गते २०१२ साल [ संख्या ११

## कानून विभाग

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाश गरिएको छ।

### २०१२ सालको ऐन नं. ८

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमानमानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट, अतुलज्योतिर्मय त्रिशक्तिपट्ट, अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीर विक्रम जङ्गबहादुर शाह बहादुर शमशेर जङ्गदेवानाम् सदासमर विजयिनाम्।

### पुलीस ऐन २०१२

नेपाल पुलीस फोर्सको गठन र व्यवस्था गर्ने बारे र पुलीस कर्मचारीको काम र कर्तव्य निर्धारित गर्नेबारेको ऐन।

नेपालभर मुलुकको पुलीस फोर्सको पुनर्गठन गर्ने र त्यसलाई अपराध रोक्नेर पत्ता लगाउने तथा कानुन र व्यवस्था कायम गर्ने सुयोग्य साधन बनाउनुपर्ने आवश्यक देखिएकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ।

## परिच्छेद १ प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः—

[१] यस ऐनको नाम 'पुलीस ऐन, २०१२' भन्ने रहेको छ।

[२] यो ऐन नेपाल भरमुलुकमा लागू हुनेछ।

[३] परिच्छेद १, २, ३ र ६ का कुराहरू तुरुन्त लागू हुन्छन् र अरू परिच्छेदका कुराहरू सरकारले नेपाल गजेटमा प्रकाश गरेबमोजिमको नेपालका इलाकामा र तोकिएका मितिदेखि लागू हुन सक्नेछन्।

२. परिभाषाः—

विषय वा प्रसङ्गले अर्को अर्थ लगाउनु नपर्ने भएमा यस ऐनमा—

[क] 'बडाहाकिम' भन्नाले यो ऐन–अन्तर्गत सरकारको अख्तियार प्रयोग गर्नको निमित्त सूचनाद्वारा सरकारले अख्तियार दिएको अफिसरलाई समेत लिइनेछ।

[ख] 'पुलीस कर्मचारी' भन्नाले यस ऐन–अन्तर्गत नियुक्त भएका वा दरिएका व्यक्तिहरूसमेत सम्झनुपर्छ।

[ग] 'इन्सपेक्टर जनरल' भन्नाले यस ऐन–अन्तर्गत नियुक्त भएका पुलीसका इन्सपेक्टर जनरल संझनुपर्छ।

[घ] 'जिल्ला सुपरिटेन्डेन्ट' भन्नाले यस ऐन–अन्तर्गत नियुक्त भएका पुलीसका जिल्ला सुपरिटेन्डेन्ट संझनुपर्छ।

[ङ] 'तोकिएको' भन्नाले यस ऐन–अन्तर्गत बनेका नियमबमोजिम तोकिएको संझनुपर्छ।

## परिच्छेद २ पुलीस फोर्सको गठन, रेख देख र नियन्त्रण

३. पुलीस फोर्सको गठनः—

[१] नेपाल भरमुलुकका लागी एउटा पुलीस फोर्स रहनेछ ।

[२] यस ऐनको अधीनमा रही —

[क] सो पुलीसफोर्समा सरकारको साधारण वा विशेष आदेशद्वारा निश्चित गरिएबमोजिम विभिन्न दर्जा र संख्याका जवान रहनेछन् र निजहरूको गठन अधिकार कार्य र कर्तव्य निर्धारित गरिएबमोजिमको हुनेछ ।

[ख] पुलीसफोर्सको भर्ना तलब भत्ता र नोकरीका अरू शर्तहरू समय समयमा सरकारबाट तोकिएबमोजिमको हुनेछ ।

४. पुलीस फोर्सको रेख देख सरकारमा रहनेः—

पुलीस फोर्सको रेखदेख र अन्तिम नियन्त्रण सरकारमा रहनेछ र जुनसुकै अफिसरले पुलीस फोर्सका जवानको नियन्त्रण, संचालन र व्यवस्था गर्दा सरकारको उक्त रेखदेख र नियन्त्रणका अधीनमा रही गर्न पाउँछ ।

५. पुलीसका इन्सपेक्टर जनरल इत्यादिः—

[१] सरकारबाट १ जना पुलीस इन्सपेक्टर जनरल नियुक्त हुनेछ र सरकारको रेखदेख र नियन्त्रणका अधीनमा रही निज इन्सपेक्टर जनरलले यस ऐन वा यस ऐन अन्तर्गत–सरकारले बनाएका नियम र आदेशबमोजिमको अधिकार प्रयोग गर्ने र कार्य तथा कर्तव्यपालन गर्नेछ र सोबमोजिम निजको उत्तरदायित्व र अख्तियार हुनेछ ।

[२] पुलीसको इन्सपेक्टर जनरललाई मद्दत र सहायता निमित्त सरकारले एउटा एडिसनल पुलीस इन्सपेक्टर जनरल, एक वा बढी डेपुटी र असिष्टेन्ट इन्सपेक्टर जनरल नियुक्त गर्न सक्छ ।

(३) सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी एडिशनल इन्स्पेक्टर जनरल वा डेपुटी वा असिस्टेन्ट इन्सपेक्टर जनरललाई इन्स्पेक्टर जनरलको सबै वा केही अधिकार काम कर्तव्य उत्तरदायित्व र अख्तियार प्रयोग पालन वा तामेल गर्न निर्देश दिन सक्छ ।

६ जिल्ला सुपरिन्टेन्डेन्ट र एडिशनल, डेपुटी र असिस्टेन्ट सुपरिन्टेन्डेन्टको नियुक्ति

(१) सरकारले आवश्यक देखेमा जिल्ला जिल्लाको एक भाग वा एक वा अधिक जिल्लाको निमित्त पुलीसको एकजना सुपरिन्टेन्डेन्ट र एक वा अधिक एडिशनल सुपरिन्टेन्डेन्ट, डेपुटी सुपरिन्टेन्डेन्ट र पुलीसको इन्सपेक्टर नियुक्त गर्न सक्छ ।

(२) सरकारले नेपाल गजेटमा सूचना प्रकाश गरी पुलीसको एडिशनल वा डेपुटी सुपरिन्टेन्डेन्ट वा इन्सपेक्टरलाई नियुक्त भएका जिल्ला वा त्यसका कुनै भागमा यस ऐन वा प्रचलित कुनै कानून-अन्तरगत जिल्ला सुपरिन्टेन्डेन्टले प्रयोग वा पालन गर्नुपर्ने सबै वा केही अधिकार, कार्य वा कर्तव्य प्रयोग वा पालन गर्ने अख्तियार दिन सक्नेछ ।

७. नियुक्तिको सर्टिफिकेटः—

[१] इन्सपेक्टर वा त्यसदेखि मुनि दर्जाका हरएक पुलीस कर्मचारी नियुक्त हुँदा अनुसूचीमा दिएबमोजिमको सर्टिफिकेट पाउँछ, सरकारले साधारण वा विशेष आदेशद्वारा निर्देश गरेका कर्मचारीले सो प्रमाण पत्रमा सहिछाप गरिदिनुपर्छ ।

[२] नियुक्तिको सर्टिफिकेटमा उल्लेख गरिएका व्यक्ति पुलीस कर्मचारीको नोकरीबाट बहाल टुटेपछि सो सर्टिफिकेट बदर बातिल हुनेछ र सो सर्टिफिकेट बुझ्न अख्तियार पाएका कर्मचारीलाई बुझाउनुपर्छ ।

[३] आफ्नु पदबाट कुनै पुलीस कर्मचारी सस्पेन्ड रहेसम्म त्यस पुलीस कर्मचारीले गर्नुपर्ने काम र पाउने विशेष सुविधा कायम नरही उपदफा (१)

बमोजिम दिएको सर्टिफिकेट सस्पेन्सनको टायम सम्म बेकायमी नै रहन्छ, तर त्यसरी सस्पेन्ड भए तापनि सस्पेन्ड नभएसहर सो व्यक्तिउपर साबिक अधिकारीहरूको नियन्त्रणमा कायम रहन्छ र निज साबिकबमोजिमको अनुशासनमा रहनुपर्छ र साबिकबमोजिम सजायको भागी हुनेछ।

८. जिल्लाको पुलीस फोर्सउपर जिल्ला बडाहाकिमको नियन्त्रणः—

जिल्ला सुपरिन्टेन्डेन्ट र जिल्लाको पुलीस फोर्स जिल्ला बडाहाकिमको नियन्त्रणमा रहन्छ र जिल्ला-बडाहाकिमले सो नियन्त्रण गर्दा त्यस सम्बन्धमा सरकारले बनाएका नियम र आदेशबमोजिम गर्नुपर्छ।

## परिच्छेद ३ पुलीस फोर्सका नियन्त्रण र अनुशासन

९. पुलीस कर्मचारीलाई बात लगाई वा नलगाई खोस्ने वा खारेज गर्ने इत्यादि गरि सरकारको अधिकारः—

सरकारको इच्छाअनुसार प्रत्येक पुलीस कर्मचारी आफ्नु पदमा बहाल रहन्छ।

तर पुलीस कर्मचारीलाई बात लगाई वा नलगाई खोस्दा वा दर्जा घटाउँदा देहायको अवस्थामा बाहेक निजलाई सो गर्नुनपर्ने कारण देखाउन मुनासिब माफिकको मौका दिनुपर्छ।

(क) पुलीस कर्मचारीको आचरण विषयमा फौज्दारी मुद्दा चली बात लागी खोसिएको वा दर्जा घटाइएकोमा वा

(ख) कर्मचारीलाई कारण देखाउने मौका दिन मनासिब नपर्ने अवस्था परेमा बेहोरा खोली पर्चा खडा गरी राखेकोमा।

१०. पुलीस फोर्सको सबोर्डिनेट-र्याङ्कका व्यक्तिहरूले कर्तव्य पालन नगरेको इत्यादिमा विभागबाट हुने सजाय

(१) सर रलें वा सरकारबाट यस कामलाई अख्तियार पाएका अफिसर इन्सपेक्टर वा त्यसदेखि मुनिदर्जाका पुलीस कर्मचारीले आफ्नो कर्तव्य पालन गर्दा निठुर दुश्चरित्र, आलसी, लापरवाही वा अयोग्य भएमा सस्पेन्ड गर्ने, दर्जा घटाउन वा बात लगाई वा नलगाई खोस्न सक्नेछ र पुलीस फोर्सका सबोर्डिनेटर्‍याङ्कका जवानले अनुशासन भङ्ग गरेमा वा अनुचित आचरण गरेमा वा कुनै काम गरी आफ्नो कर्तव्य पालन गर्न अयोग्य ठहरेमा तर निजलाई सस्पेन्ड वा खोसुवा गर्न नपर्ने देखिएमा देहायको कुनै सजाय दिन सक्नेछ।

[क] सजायको कवायद, थपगार्ड वा फटिग वा अरू ड्यूटी गराई वा नगराई १५ (पन्ध्र) दिनसम्म छाउनीमा क्वार्टर नजर बन्द राख्ने।

[ख] राम्रो काम गरेबापत पाउने तलब नदिने।

[ग] कुनै महत्वपूर्ण पदबाट हटाउने वा विशेष तलब भत्ता नदिने।

तर यस दफाको (क) मा उल्लेख गरिएका सजाय कन्स्टेबुलभन्दा माथि दर्जाका कर्मचारीलाई दिन हुँदैन।

(२) [क] पुलीस कर्मचारीले अपराध गरेबापत फौजदारी कारबाई चलाउनमा यस दफाको कुनै कुराले बाधा दिनेछैन।

[ख] यस दफाको कुनै कुराले कुनै पुलीस कर्मचारीलाई नियुक्ति गर्ने अख्तियारवालाभन्दा तल्लो दर्जावालाले निजलाई खोस्न वा दर्जा घटाउन पाउँदैन।

११. कार्य प्रणाली र अपील:—

[१] कुनै कर्मचारीले पुलीस कर्मचारीलाई दर्जा घटाउने वा खोस्ने आदेश दिँदा सो गर्नाको कारण र सोबारे जाँच शुरू गरेको बेहोरासमेत लेखी सहिछाप गरी मिसिल सामेल राख्नु रखाउनुपर्छ, तर फौजदारी अदालतबाट सजाय पाएकोमा बाहेक निज कर्मचारीलाई सो गर्दानपर्ने

देखाउन मनासिबमाफिकको मौका नदिई त्यस्तो आदेश दिन हुँदैन।

(२) त्यस्तो आदेशउपरको अपील सरकारमा वा तोकिएका कर्मचारीछेउ लाग्छ।

## परिच्छेद ४ पुलीस कर्मचारीहरूको कर्तव्य र अधिकार

१२ पुलीस कर्मचारीहरू हरहमेशा ड्यूटीमा रहन पर्नेः—

यस ऐनको तात्पर्यका लागी हरएक पुलीस कर्मचारी हरहमेशा ड्यूटीमा रहेको मानिनेछ र मुलुकको कुनै भागमा जुनसुकै वखत पनि पुलीस कर्मचारी काममा खटीन सक्तछ।

१३ पुलीस कर्मचारीले प्रयोग गर्न पाउने अख्तियारः—

पुलीस कर्मचारीले यो ऐन वा अरू कुनै प्रचलित ऐनबाट पाएको अख्तियारभन्दा बढी अधिकार वा अख्तियार प्रयोग गर्न पाउँदैन।

१४ सीनियर कर्मचारीको अधिकारः—

पुलीस कर्मचारीले यो ऐन वा यस अन्तर्गत बनेका नियमबमोजिम पाएको अख्तियार निजभन्दा माथिका दर्जाका पुलीस कर्मचारीले प्रयोग गर्न पाउँछ।

१५ पुलीस कर्मचारीको कर्तव्यः—

प्रत्येक पुलीस कर्मचारीको देहायबमोजिमको कर्तव्य हुनेछ।

[क] तदारुखसाथ सम्मन तामेल गर्ने र कानूनबमोजिम अख्तियार पाएका अधिकारीले कानूनबमोजिम जारी गरेको वारेन्ट तामेल गर्ने र अरू आदेश पालन गर्ने र आफ्नो सीनियर अफिसरको कानूनबमोजिमको उर्दीलाई कानूनअनुसार लागू गराउन कोशिस गर्ने।

[ख] ठूलो अपराध गरेकोमा र त्यस्तो अपराध गर्ने उद्योग गरेमा सुराक पत्ता लगाउन सकभर प्रयत्न गर्ने र कानूनबमोजिम र आफ्नु सीनियर अफिसरको आदेशअनुसार सो अपराधीलाई सजाय गराउन वा सानो

अपराध र थाहा भएसम्म ठूलो अपराध समेत रोक्नालाई सो सुराक पाएको कुरा जाहेर गर्ने र उक्त उचित कारवाई गर्ने,

[ग] सर्वसाधारणलाई न्युइसेन्स हुने कुरा सकभर रोक्ने।

[घ] कानूनले पक्राउ गर्नुपर्ने सबै व्यक्तिलाई अकारण ढिलो सुस्ती नगरी पक्राउ गर्ने।

[ङ] अर्को पुलीस कर्मचारीले मद्दत मागेमा वा निजको कर्तव्य पालन गर्न चाहिएमा निजले कानूनबमोजिम र मनासिब माफिकको पाउनुपर्ने मद्दत दिने।

[च] प्रचलित कानूनबमोजिम गर्नुपर्ने कर्तव्य पालन गर्ने।

[छ] असमर्थ र असहाय भई बाटो घाटोमा परिरहेको व्यक्तिहरुलाई आफूबाट हुन सक्ने हरकिसिमको मद्दत दिने र जोखिम किसिमका र आफ्नु हेरचाह गर्न नसक्ने किसिमका अम्मल खाएका व्यक्ति र बौलाहाहरुको जिम्मा लिने

[ज] पक्राउ भएका वा थुनामा रहेका व्यक्ति घायल वा बिरामी भएमा आवश्यक मद्दतलाई चाहिने कारवाई तुरुन्त गर्ने र त्यस्तालाई पहरा दिंदा वा अन्त लाँदा निजको अवस्थाको उचित ख्याल राख्ने।

[झ] पक्राउ भएका वा थुनामा रहेका व्यक्तिलाई चाहिने सिधा र बासको इन्तजाम गर्ने।

[ञ] खानतलासी गर्दा असभ्य व्यवहार नगर्ने र नचाहिने हैरानी नदिने।

[ट] स्वास्नीमानिस र केटाकेटीहरुसँग व्यवहार गर्दा पूरा इज्जत र मनासिब नम्रतासाथ व्यवहार गर्ने।

[ठ] आगोबाट हानि नोक्सानीको बचाउ गर्न सकभर कोशिस गर्ने।

[ड] जनतालाई दुर्घटना वा खतराबाट बचाउन सकभर कोशिस गर्ने।

१६. सर्व साधारण व्यक्ति जम्मा हुन सक्ने ठाउँ भित्र पस्न सक्ने अधिकार

कुनै सर्व साधारण व्यक्ति जम्मा हुन सक्ने ठाउँलाई जुवा खेल्ने थलो, मद्दी मादक पदार्थको पसल वा व्यभीचारी व्यक्तिहरुको अखडा बनाई राखेको छ भन्ने विश्वास पर्ने कारण भएमा सरकारले वा कानून बमोजिम अख्तियार पाएका व्यक्तिले बनाईएका नियम र आदेशबमोजिम पुलीस कर्मचारीले त्यस्ता ठाउँ भित्र माथिको दफामा उल्लेख गरिएका कामहरुको निमित्त बिना वारेन्ट पस्न र जाँच बुझ गर्न हुन्छ।

१७. पुलीस कर्मचारीले बिना वारेन्ट गिरफ्तार गर्न पाउने अधिकार

[१] पुलीस कर्मचारीले बिना वारेन्ट जुनसुकै सार्वजनिक ठाउँमा देहायका व्यक्तिलाई गिरफ्तार गर्न हुन्छ।

[क] कानूनले ३ बर्ष वा त्यसभन्दा बढी कैदको सजाय हुने अपराध गरेको वा गर्न आँटेको छ भन्ने थाहा भएको व्यक्ति,

[ख] फरार घोषित गरिएको पक्रनु पर्ने अपराधी,

[ग] कर्फ्यू लागेका ठाउँमा शंका पर्ने गरी हिड्डुल गरी रहेको व्यक्ति,

[घ] मनासिब कारण नभै रातमा हात हतियार खरखजाना वा रातमा घर फोर्ने औजार साथमा भएको व्यक्ति,

[ङ] कानूनअनुसार थुनिएका ठाउँबाट भागेको वा भाग्न उद्योग गर्ने व्यक्ति,

[च] नेपाल सेना वा पुलीस फोर्स छाडी भागेका भन्ने मनासीब शंका परेका व्यक्ति,

[छ] यस ऐनको परिच्छेद (६) मा लेखिएबमोजिम हुने अपराध गरेको छ भन्ने मनासिब शंका भएको व्यक्ति,

[२] माथि उपदफा [१] मा लेखिएबमोजिम पक्राउ भएका व्यक्तिलाई बाटाको मनासीब माफिकको म्याद बाहेक २४ घण्टाभित्र सकभर चाँडै अदालतमा पेश गर्नुपर्छ।

[३] कुनै चलअचल सार्वजनिक सम्पत्तिमा आफ्नै सामुन्ने नोक्सानी हुन लागेको देखेमा पुलीस कर्मचारीले आफै भरिमग्दरी सो नोक्सानी रोक्न सक्छ।

१८. सार्वजनिक बाटो इत्यादिमा सवारी वा यात्रीहरुको व्यवस्था

पुलीस कर्मचारीको देहाएबमोजिमको कर्तव्य हुन्छ।

[क] सार्वजनिक बाटोमा यातायातको व्यवस्था र नियन्त्रण गर्ने र त्यो यातायातको रोकावट हुन नदिने र सार्वजनिक बाटो वा त्यसका वरपरी जनताले पालन गर्नाको निमित्त यो ऐन वा प्रचलित कानून अन्तर्गत बनेका नियम र आदेश सकभर मिच्न नदिने।

[ख] सार्वजनिक बाटोमा र सबैले नुहाउने, लुगाधुने ठाउँ, घाट, हवाई अड्डा रेलको स्टेशन, मेला लाग्ने ठाउँ देवालय र अरु सार्वजनिक स्थानमा तथा सबैले पूजा गर्ने ठाउँ वा त्यसको वरीपरी पूजा गर्न लागेका बेलामा शान्ति कायम राख्ने।

[ग] सबैले नुहाउने, लुगाधुने, ठाउँ, घाट र हवाई अड्डा रेल्वे स्टेशनमा व्यवस्था राख्ने र त्यस्ता ठाउँमा र सर्वसाधारणलाई तार्ने डुङ्गामा भीड हुन नदिने तथा त्यस्तो स्थान वा डुङ्गामा सर्वसाधारणले पालन गर्नाका लागि कानूनबमोजिम बनेका नियम र आदेश सकभर मिच्न नदिने।

१९. सार्वजनिक सभा र जुलूसको व्यवस्था र त्यसको लाइसेन्स

[१] जिल्ला सुपरिटेन्डेन्ट वा सरकारबाट त्यस कामको निमित्त विशेष अख्तियार पाएका पुलीस कर्मचारीले,

[क] सार्वजनिक बाटो, सडक र आवत जावत गर्ने ठाउँमा सबै सभा र जुलूसको सञ्चालनमा निर्देश गर्न र त्यस्तो जुलूसको बाटो र समय तोक्न सक्नेछ।

[ख] त्यस्तो बाटो, सडक र आवत जावत गर्ने ठाउँमा कुनै व्यक्तिले वा वर्गले सभा बोलाउने वा त्यसका लागि मानिस जम्मा गर्ने वा जुलूस निकाल्ने मनसाय गरेको छ भन्ने र बखाद।[illegible]को विचारमा

त्यसबाट शान्ति भङ्ग हुने सम्भव छ भन्ने लागेमा त्यस्तो सभा बोलाउने वा त्यसका लागि मानिस जम्मा गर्ने वा त्यस्तो जुलूस निकाल्ने वा सञ्चालन गर्ने व्यक्तिलाई दरखास्त दिई सदर भएपछि मात्र कामै चालु गर्न पाइन्छ भनी साधारण या विशेष सूचनाद्वारा सूचित गर्न सक्छ।

[ग] त्यस्तो दरखास्त परेमा लाइसेन्स पाउनेको नाउँ र सो सभा बोलाउने र जुलूस निकाल्ने शर्त किटी लाइसेन्स दिन हुन्छ।

[२] बडाहाकिमले वा पुलीस ठानाको अख्त्यारवाला वा त्यसभन्दा माथि दर्जाका पुलीस कर्मचारीले माथि लेखिएका उपदफाबमोजिम पाएको लाइसेन्सको शर्त तोड्न, जुलूसलाई रोक्न र त्यसलाई वा लेखिएबमोजिम शर्त तोड्ने सभालाई भंग गर्ने आदेश दिन सक्नेछ।

[३] माथि उपदफा २ बमोजिम दिएको आदेशलाई हेलचक्राइँ गर्ने वा नमान्ने जुलूस वा सभा गैर कानूनी ठहर्छ तथा बडाहाकिम वा माथि उल्लेख गरिएका पुलीस कर्मचारीले सकभर कम्ती बल प्रयोग गरी त्यसलाई भङ्ग गर्न र त्यस्तो सभा वा जुलुसमा सम्मिलित हुने मानिसलाई गिरफतार गर्न सक्छ।

२०. बेवारीसी सम्पत्तिको पुलीससँग जिम्मा लिने:—

बेवारीसी सम्पत्तिको जिम्मा लिने र त्यसको तायदाती खडा गरी बडाहाकिमकहाँ पेश गर्ने प्रत्येक पुलीस कर्मचारीको कर्तव्य हुन्छ।

२१. बडाहाकिमले सम्पत्ति रोक्का गर्ने र इश्तिहार जारी गर्ने:—

[१] बडाहाकिमले त्यस्तो सम्पत्ति रोक्का गरी सो रोक्का भएको धनमालको फाँटवारी खोली ६ महिनाभित्र आफ्नो हक दावीको सबूदसमेत लिई दावी गर्न आउनू भनी इश्तिहार जारी गर्न सक्नेछ।

[२] त्यस्तो सम्पत्तिको हक पुग्नेमानिस पत्ता नलागेको वा उपस्थित नरहेको

र त्यस्तो सम्पत्ति नोकसान हुने वा स्वाभाविक रूपमा सडी गली जाने भएमा वा लिलाम बिक्री गरेमा धनीलाई फाइदा होला भन्ने सो रोक्का गरेको जाहेरी पाउने जिल्ला बडाहाकिमको विचारमा लागेमा, वा त्यस सम्पत्तिको मोल रु. १० भन्दा घटी भएमा निज बडाहाकिमले जुनसुकै बखत पनि लिलाम बिक्री गर्ने र लिलाम बिक्रीबाट आएको रुपैयाँ निकाशा भै आएबमोजिम गर्ने गरी सरकारी तहबिलमा धरौट राख्ने आदेश दिन सक्नेछ।

२२. दावा गर्ने मानिस कोही हाजिर नभएमा सम्पत्ति सरकार लाग्ने: —

[१] तोकिएको ६ महिने म्यादभित्र त्यस्तो सम्पत्ति दावा गर्ने व्यक्ति कोही हाजिर नभएमा दफा २१ को उपदफा २ बमोजिम लिलाम बिक्री भएको रहेनछ भने सो सम्पत्ति बडाहाकिमको आदेशबमोजिम लिलाम बिक्री हुन्छ।

[२] उपदफा १बमोजिम सम्पत्ति लिलाम बिक्री भै आएको रुपैयाँ र कसैको हक कायम नभै दफा २१ को उपदफा २ बमोजिम लिलाम बिक्री भै आएको रुपैयाँ महिना बाद सरकार लाग्छ।

२३ पुलीस कर्मचारीले डायरी राख्नुपर्ने काम: —

[१] सरकारले तोकेबमोजिम ढाँचाको डायरी राखी त्यसमा सबै उजुरी र आरोप गिरफ्तार भएका सबै मानिसको नाउँ, उजुर गर्नेको नाउँ, गिरफ्तार भएका व्यक्ति उपर आरोप लगाइएको अपराध; निजहरूबाट वा अरू किसिमले बरामद भएको हतियार वा धनमाल र बुझिएका साक्षीहरूको नाउँ [illegible] खोली चढाई राख्ने हरएक ठानाको [illegible] कर्मचारीको कर्तव्य हुनेछ।

[२] जिल्ला बडाहाकिमले सो डायरी [illegible] जाँच्न सक्नेछ।

२४ पुलीस कर्मचारीले जाहेरी खबर दिने काम

जुनसुकै पुलीस कर्मचारीले अपराध गर्ने कुनै व्यक्तिका बारेमा अदालतमा मुद्दा

दायर गर्न वा त्यसका उपर समन वारेन्ट खानतलासीको वारेन्ट वा कानूनले तोके बमोजिमका अरु कारवाईका निमित्त निवेदन गर्न सक्नेछ।

१५. आदेश पालन नगरेमा सजाय

यस परिच्छेदबमोजिम दिएका आदेशको बर्खिलाप गर्ने वा पालन नगर्ने वा जिल्ला सुपरिन्टेन्डेन्टले सभा र जुलुसको संचालन बारे दिएका लाइसेन्सको शर्त बर्खिलाप गर्ने व्यक्तिलाई अदालतबाट सो गरेको ठहरेमा रु. ५०० सम्म जरिवाना हुनेछ।

१६. बडाहाकिमको नियन्त्रणको अधिकार

यस परिच्छेदमा उल्लेख गरिएका विषयमा बडाहाकिमको सामान्य नियन्त्रण गर्ने अधिकारलाई यस परिच्छेदको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

## परिच्छेद ५

## सार्वजनिक शान्ति र सुरक्षा कायम गर्नलाई विशेष प्रबन्ध

१७. कुनै व्यक्तिको दरखास्त परेमा थप पुलीस खटाउने

(१) कुनै व्यक्तिको दरखास्त परेमा जिल्ला सुपरिन्टेन्डेन्टले शान्ति वा व्यवस्था कायम राख्न वा कुनै खास किसिमको अपराध बारे यस ऐन वा अरु ऐनका कुराहरु लागू गर्न वा कुनै ठाउँ वा इलाकामा पुलीसको अरु कर्तव्य पालन गर्ना निमित्त थप पुलीसको जवान खटाउन सक्नेछ।

[२] दरखास्त दिने व्यक्तिले त्यस्तो थप पुलीसको खर्च बेहोर्न पर्छ।

तर त्यस्तो थप पुलीस जिल्ला सुपरिन्टेन्डेन्टको आदेशमा रही निजले उचित ठहराएका समय सम्मलाई खटिन्छ।

[२] त्यस्तो थप पुलीसको दरखास्त दिने व्यक्तिले सो पुलीसको जवान झिकी पाऊँ भनी जिल्ला सुपरिन्टेन्डेन्टलाई जुनसुकै वखत लिखित निवेदन दिएमा जिल्ला सुपरिन्टेन्डेन्टले त्यस्तो निवेदन पाएको मितिले एक महिनामा नवढाई मुकरर गरेको समय व्यतीत भएपछि दरखास्तवालाले त्यसको खर्च बेहोर्न पर्दैन।

२८. ठूलो कल कारखानामा र धेरै मानिस जम्मा गरी गरिने अरु कामहरुमा कामदार कर्मचारीहरुको चलन व्यवहार सन्देहजनक भएमा थप पुलीस खटाउने

[१] कुनै वखत सरकारलाई—

[क] चालु भैसकेको ठूलो काम वा सार्वजनिक मनोरन्जन यातायातको रोकावट् वा धेरै मानिस आकर्षित हुने संभव भएको भन्ने लागेमा वा

[ख] रेल, नहर वा अरु सार्वजनिक काम वा कारखानाभित्र वाहिर वा कुनै ठाउँमा बन्न लागेको वा चालु भैरहेको व्यापार गर्ने कोठीमा काममा लागेका मानिसको चाल चलन वा सो वारेको मनासिब शंकाबाट त्यस्तो ठाउँमा थप पुलीस खटाउन आवश्यक छ भन्ने लागेमा।

सरकारले सो ठाउँमा मनासिब ठहराएमाफिकको थप पुलीस आवश्यकता भएसम्मलाई खटाउन सक्नेछ।

[२] काम, मनोरन्जनको कार्य, कल कारखाना वा वाणिज्यसम्बन्धी कार्य वना उने वा चलाउने व्यक्ति वा संस्थाबाट यस्तो थप पुलीसको खर्चउपर गर्छ पर्छ र सो खर्च सरकारले समय समयमा तोकेको दरबमोजिम हुन्छ।

[३] माथि उपदफा १ बमोजिमको अख्तियार सरकारले यस कामको निमित्त खटाएको कर्मचारीले प्रयोग गर्न सक्नेछ।

२६. सार्वजनिक शान्तिलाई विशेष खतरा पर्ने अवस्थामा थप पुलीस खटाउने

[१] कुनै इलाकामा गोलमाल वा डराउन्दो अवस्था भएमा वा त्यहाँका वासिन्दा वा वासिन्दाको

कुनै खास वर्गको आचरणबाट थप पुलीस खटाउन आवश्यक छ भन्ने सरकारको विचार भएमा सरकारले नेपाल गजेटमा सूचना प्रकाश गरी देहायको कुरा तोक्नसक्ने छ।

[क] थप पुलीस राख्नुपर्ने स्थान। जसलाई यसपछि अशान्त क्षेत्र मानिएकोछ

[ख] थप पुलीस राख्नु पर्ने अवधि

[२] उपदफा १ बमोजिम सरकारले गरेको निर्णय अन्तिम हुनेछ।

[३] यस दफाको उपदफा ५ का अधीनमा रही त्यस्ता थप पुलीसको खर्च सूचनामा खास गरी किटिएको इलाकाको वासिन्दाहरूले बेहोर्नुपर्छ।

[४] उपदफा ५ अन्तर्गत तिर्न नपर्ने ठहरिएका बाहेक अरु वासिन्दाहरूमा कसले कति तिर्नु बेहोर्नु पर्छ, सो कुराको जिल्ला बडाहाकिमले मनासिब ठहराएबमोजिम जाँच बुझ गरी हिस्सा फाँटवारी दिनुपर्छ। बडाहाकिमले वासिन्दाहरूको हैसियतको विचार गरी त्यस्तो बाँटफाँट गर्नेछ।

[५] त्यस्तो वासिन्दाको कुनै वर्ग वा अंशलाई लागेको यस्तो खर्चबाट सूचना प्रकाश गरि सरकारले छुटकारा दिन सक्दछ।

स्पष्टिकरणः- यस दफाको लागी वासिन्दा शब्दले त्यस ठाउँमा बसोबास नगरेपनी त्यस्ता इलाकाभित्रको जग्गा वा अचल सम्पती आफु वा कारवारी, वारिस वा नोकरद्वारा दखल वा भोगचलन गर्ने व्यक्तिहरु र आफैले वा वारीस कारवारी वा नोकरहरूबाट सोझै वा रैयतमार्फत तिरो असूल गर्ने वा जग्गा भोग चलन गर्ने जग्गाधनीलाई समेत जनाउँछ।

१० वासिन्दाहरू वा जग्गामा हक भएका व्यक्तिहरूको अनुचित कारवाईले गर्दा पर्न आएको नोक्सानीको हर्जाना पीडित व्यक्तिहरूलाई दिने:—

(१) दफा २६ मुताबिक सूचना जारी भएका इलाकाका वासिन्दाहरू वा उनीहरूको कुनै अंश वा वर्गको अनुचित कर्तव्यबाट या त्यसका जरिया-

बाट मृत्यु वा ज्यान जोखिम हुन सक्ने चोट वा धनमालको हानि वा नोक्सानी भएको रहेछ भने सो अनुचित कर्तव्यबाट हानी नोक्सानी भयो भनी दावी गर्ने त्यस्तो इलाकामा बस्ने व्यक्तिले सो हानि नोक्सानी भएका १ महिनाभित्र वा सोभन्दा घटी समय तोकिएमा सो म्याद-भित्र त्यस्तो इलाका बडाहाकिमकहाँ हर्जानाको दरखास्त दिन सक्नेछ।

(२) दफा २६ बमोजिमको इलाकामा (थप पुलीसका जवान खटिएका वा नखटिएका भए तापनि) सरकारको मन्जुरी लिई बडाहाकिमले चाहिंदो जाँच बुझ गरी त्यस्तो क्षेत्रमा देहायमा लेखिएबमोजिम गर्न सक्नेछ।

(क) त्यस्तो अनुचित कर्तव्य या त्यसका जरियाबाट हानि भएका मानिसहरूको नाम प्रकाश गर्ने।

(ख) त्यस्तो व्यक्तिहरूलाई दिने हर्जानाहरूको अंक र सो बाँड्ने तरिका किटान र निर्धारित गर्ने।

(ग) यसपछिको उपदफा ३ अन्तर्गत खर्ची बेहोर्न नपर्ने भएका र दरखास्त वालाबाहेक त्यस्तो इलाकाको बासिन्दाहरूले तिर्नुपर्ने अंकको दामासाहीं भाग लगाईदिने,

तर त्यस्तो इलाकाभित्र भएको हुल दङ्गा वा गैर कानूनी सभाबाट माथि लेखिएबमोजिम हानि भएको भन्ने र जुन घटनाबाट त्यस्तो हानि भएको छ, सो घटनाबारे सो हानी हुने मानिसको कुनै दोष छैन भन्ने ठहर नभै बडाहाकिमले यो उपदफाबमोजिम प्रकाश र अंक किटान गर्न हुँदैन।

(३) आदेश जारी गरी त्यस्ता बासिन्दामध्ये कुनै व्यक्ति वा अंश वा वर्गलाई त्यस्ता हर्जानाको केही भाग तिर्न नपर्ने गर्न सरकारका लागी कानूनी हुनेछ।

(४) उपदफा (२) बमोजिम बडाहाकिमले गरेको प्रकाशन र तोकेको दामासाही अंक वा दिएको आदेश सरकार वा सरकारबाट नियुक्त गरेको अधिकारीद्वारा दोहोरिन सक्छ, अन्यथा सो अन्तिम हुन्छ ।

(५) यस दफाबमोजिम हर्जाना भराइसकेको हानि बारे देवानी कारबाई चल्न सक्दैन ।

स्पष्टीकरणः- यस दफामा वासिन्दा शब्दको अर्थ माथिको दफाबमोजिम हुन्छ ।

## ११. विशेष पुलीस कर्मचारी

[१] गैर कानूनी सभा हुलदंगा वा गडबडी भै शान्ति भङ्ग भएको, हुन लागेको वा हुने सम्भव देखिएको ठाउँमा शान्तिकायम राख्न त्यहाँका वासिन्दाको बचाउ र धनमालको सुरक्षाका निमित्त मामूली खटिएका पुलीस जवानबाट नपुग्ने देखिएमा इन्सपेक्टर वा त्यसदेखि माथि दर्जाका पुलीस कर्मचारीले मनासिब ठहराएबमोजिमका समयको निमित्त र इलाकाभित्र सो वरिपरिका वासिन्दामध्ये चाहिने जवानलाई विशेष पुलीस कर्मचारी भै काम गर्नलाई नियुक्तिको निमित्त बडाहाकिमकहाँ निवेदन गर्नपर्छ र त्यस्तो निवेदन आएमा निवेदनबमोजिम भर्ना गर्नु नपर्ने कारण नभए भर्ना गर्न दिने निकाशा दिनुपर्छ ।

[२] माथि उल्लेख गरेबमोजिम विशेष कर्मचारी नियुक्त भएका व्यक्तिले यथेष्ट कारण नभै त्यस्तो कर्मचारीको काम वा कर्तव्य गर्नाका निमित्त दिएको कानूनी आज्ञा वा निर्देश नमानेको वा हेलचक्र्याइँ वा बेमन्जुर गरेको अदालतले ठहराएमा त्यस्तो व्यक्तिलाई त्यस्तो हेलचक्र्याइँ वा बेमन्जुर गरेको वा नमानेकोमा पटकैपिछे रु. ५० सम्म जरिवाना हुन्छ ।

[३] त्यसरी नियुक्त भएको विशेष पुलीस कर्मचारीले अरू मामूली [अर्डिनरी] पुलीस कर्मचारीसरहको अधिकार, विशेष सुविधा र संरक्षण पाउनेछ

र निज सोहीबमोजिमको कर्तव्य पालन गर्ने र सजायको भागी हुन्छ र सोही अधिकारीहरूको मातहतमा रहन्छ ।

३२ माथि उल्लेख गरेबमोजिम तिर्नुपर्ने रुपैयाँ असूल गर्ने ।

[१] जरिवाना असूल गर्नेबारेको प्रचलित कानूनबमोजिम यस परिच्छेदमा उल्लेख गरिएको तिर्नुपर्ने रुपैयाँ बडाहाकिमले असूल गर्छ ।

[२] दफा ३० बमोजिम तिरेकोमा असूल भएको सबै रुपैयाँ बडाहाकिमले सो दफाबमोजिम पाउने मानिसलाई दिनुपर्छ ।

## परिच्छेद छ

## अपराध र सजाय

३३. कडा अपराधहरू

पुलीस कर्मचारीले देहायमा उल्लेख गरिएबमोजिमको अपराध गरेको अदालतले ठहराएमा ५ वर्षसम्मको कैद वा ३ महिनासम्मको तलब जरिवाना वा दुबै हुन्छ ।

[क] विद्रोह शुरू गर्ने गराउने, सो गराउन षड्यन्त्र गर्ने, त्यसका लागी उत्तेजित गर्ने वा त्यसमा सामेल हुने वा विद्रोह भएको ठाउँमा उपस्थित भै सक्नेभर साम्य नगर्ने वा विद्रोह भएको वा हल्ला गर्ने मनसाय वा षड्यन्त्र भएको वा सरकार विरुद्ध कुनै षड्यन्त्र भएको छ भन्ने थाहा पाई वा विश्वास गर्ने कारण परी आफूभाथिका अफिसरकहाँ बिलम्ब नगरी सो बारे खबर जाहेर नगरेको,

[ख] आफूभाथिका कर्मचारीलाई ड्युटीमा रहेको वा नरहेको भए तापनि त्यस्तो कर्मचारी हो भन्ने थाहा पाएर वा विश्वास गर्ने कारण पर्दा पर्दापनि अपराध ठहर्ने बल प्रयोग वा प्रयोग गर्ने उद्योग गरेको वा हातपात गरेको वा सो गर्ने धम्की दिएको,

[ग] आफूले रक्षा गर्नुपर्ने आफू खटिएको पालो पहरा वा जिम्मामा रहेको गारद बेसर्भी तवरले छाडेको वा सौम्पेको ।

[घ] सरकारविरुद्ध हतियार उठाएका व्यक्ति संग प्रत्यक्ष वा अप्रत्यक्ष रुपले लेखापढी गरेको वा त्यस्ता व्यक्तिलाई मद्दत दिएको वा छाडेको वा त्यस्तो लेखापढी भएको थाहा पाउनासाथ आफूमाथिको कर्मचारीलाई तुरुन्त जाहेर नगरेको ।

[ङ] आक्टीभ ड्यूटी गरीरहेको बखत :—

[१] आफूमाथिको कर्मचारीले दिएको कानूनी उर्दी नमानेको वा

[२] पुलीस कोर्सबाट भागेको, वा।

[३] सेन्ट्री भै पालो बसेको ठाउँमा सुतेको वा नियमित बदला आई वा बिनाइजाजत छोडेको, वा

[४] लूटको खोजीमा जान आफ्नो कमान्डीङ अफिसर पालो पहरा वा टोलीलाई छाडेको, वा

[५] नियमित बदला नआई या बिनाइजाजत आफ्नो गारद पिकेट, टोली वा पेट्रोल छाडेको, वा

[६] लाइन वा क्याम्पमा रसद वा अरु चाहिने कुरा ल्याउने व्यक्तिउपर हमला वा बेइजत गरेमा वा बल प्रयोग गरी अपराध गरेमा कुनै स्थानमा बल मिचाई गरेर गएमा वा लूट्ने अभिप्रायले घर वा कुनै ठाउँ फोरेमा वा कुनै किसिमको धन माल लुटेमा हानि नोक्सानी वा क्षति गरेमा ।

[७] संघर्षको अवस्थामा भएको बखत वा क्याम्प ग्यारिजन वा क्वाटरमा जानी जानी झुटो खतराको सूचना गरेर फैलाए वा।

[८] कर्तव्य पालन गर्दा कायरता देखाएको वा

[९] आफूलाई नियुक्त गर्ने अख्तियार पाएका अधिकारीको इजाजतबिना राजिनामा गरेको वा आफ्नो पदको कर्तव्य पालन गर्न छोडेको ।

[च] आफ्नो जिम्मामा रहेको वा अरू कुनै व्यक्तिको हात हतियार, लुगा ज्यावल, इक्वीपमेन्ट, खजाना सरसामान, तानावाना वा अरू त्यस्तो मालताल जानी जानी वा लापरवाहीले बिगारेको वा हराएको वा जालसाज गरी बेच बिखन गरेको।

[छ] आफूमाथिको कर्मचारीले भनेपछि वा आफ्नो बहाल छुटेपछि नियुक्तिको प्रमाणपत्र सर्टिफिकेट, र बहाल छँदा दिएको वा आफ्नो जिम्मामा भएको वा आफूसँग रहेको सबै हात हतियार खाजनाना, असवाव, तानावाना वा अरू मालताल तुरून्त नबुझाएको वा मनासिब फाँट नदिएको।

१४. अरू अपराधहरु

पुलीस कर्मचारीले देहाएमा लेखिएबमोजिमको अपराध गरेको अदालतबाट ठहराएमा १ वर्षसम्मको कैद वा ३ महिनाको सम्म तलब जरिवाना वा दुवै हुन्छ।

[क] नसिबद् पाइसकेपछि पनि परेडमा ड्युटिको बखतमा वा मार्च गरेको समयमा लागू खाई बेहोस भएमा वा मातिएमा,

[ख] सेन्ट्रीलाई कुटेको वा जबरजस्ती गर्न उद्योग गरेको।

[ग] गार्द, पिकेट, प्याट्रोलको कमान्डमा छँदा रीतपूर्वक बुझाएका कैदी वा व्यक्ति बुझ्न इन्कार गरेको वा मनासिब अख्त्यारीविना आफ्नो जिम्मामा रहेको कुनै व्यक्ति वा कैदीलाई छोडेको वा लापरवाही गरी त्यस्तो कैदी वा व्यक्तिलाई भाग्न दिएको।

[घ] गिरफ्तार वा थुनिएका बखत छाड्न सक्ने अख्तियार पाएकाले नछा-ड्दै गिरफ्तार भएको वा थुनिएको ठाउँ छाडी गएको,

[ङ] आफ्नो पदको काम गर्दा आफूमाथिको कर्मचारीलाई ज्यादै अटेर गरेको वा मुख लागेको।

[च] ब्यारेकमा वा बाहिर क्षेत्रमा लगाएको वा खटाएको फिल्ड गोर्खामा अरू कामको रेखदेख गर्ने वा त्यसमा मदत दिन इन्कार गरेको।

[छ] आफ्नो मातहतको वा आफूमुनी दर्जाकोलाई हात छाडेको वा अरू किसिमबाट अनुचित व्यवहार गरेको,

[ज] रोग वा शरीरको निर्बलताको झुटो बहाना गरेको वा भान पारेको वा उब्जाएको वा इरादा गरी निको पार्न ढिलाएको वा ढिलाउन मनसाय गरेको वा रोग वा निर्बलता चर्को पारेको,

[झ] आफूलाई वा अरू व्यक्तिलाई काम गर्न नसक्ने तुल्याउने मनसायले आफूखुशी घाउ पारेको,

[ञ] आफ्ना कमान वा जिम्मामा रहेका व्यक्तिहरूको संख्या वा अवस्थाको वा त्यस्ता व्यक्ति वा सरकार वा पुलीस वा पुलीस फोर्समा सामेल हुन आएका कसको रुपैयाँ हातहतियार, खरखजाना, लुगाफाटो, सर-सामान, असबाब वा अरू माल ताल्को झुटो फाँट वा रिपोट जानी जानी पेश गरेको वा खराब मनसायले वा जानी जानी बात लाग्ने लापरवाहीबाट माथि लेखिएका विषयको फाँट वा रिपोर्ट तयार गर्न वा पठाउन छुटाएको वा इन्कार गरेको,

[ट] बिदा नलिई गयल परेको वा यथेष्ट कारण नभै निकाशाभन्दा बढी बिदा बसेको।

[ठ] आफ्नो जिम्मामा रहेको व्यक्तिलाई अनुचित तवरले हात छाडेको

[ड] सरकारको लिखित इजाजत बेगर पुलीसको ड्यूटिबाहेक अरू कुनै व्यापार कारोबार वा नोकरी गरेको।

[ढ] कुनै राजनैतिक दलको सदस्य रहेछ वा हुन्छ भने वा त्यस्तो दलका भाग लिन्छ वा त्यस्ता कार्यहरूमा सक्रिय भाग लिन्छ भने।

[ण] विटानसाथ सजाय नतोकिएको यस ऐनको कुनै दफा उल्लंघन गरेको;

[ग] आफ्टीम ड्युटीमा नरहेको बखत दफा १३ को उपदफा (ख) मा लेखिएबमोजिमको कुनै अपराध गरेको।

१५. अरू ऐनबमोजिम मुद्दा चलाउने अधिकारमा बाधा नपर्ने।

यस ऐनबमोजिम सजाय हुने अपराध गर्ने व्यक्तिउपर अरू ऐनबमोजिम मुद्दा चलाउन वा त्यस्ता व्यक्तिलाई अरू ऐनबमोजिम सजायको भागी हुन वा यस ऐनमा लेखिएको दण्ड वा सजायभन्दा बढी वा अरू सजायको भागी हुन यस ऐनको कुनै कुराले बाधा पर्दैन तर कुनै व्यक्तिलाई एउटै अपराधमा दुईपटक सजाय गर्न हुन सक्तैन।

१६. अदालतको अधिकार क्षेत्र

[१] सरकारले अधिकार दिएको न्यायधीशको इजलासमा बाहेक अरू कुनै अदालतमा यस परिच्छेदमा लेखिएका अपराधका मुद्दा चल्न सक्दैन।

[२] देहायमा लेखिएबमोजिम बाहेक यस परिच्छेदका कुनै कुराले सजाय हुने अपराधमा पुलीस कर्मचारीउपरको उजूर कुनै अदालतले लिन पाउँदैन।

[क] यस्तो उजुर परेका पुलीस कर्मचारी सरहको दर्जाको मानिस नियुक्ति गर्न सक्ने अख्तियार भएका अधिकारीले कारबाई गर्न स्विकृति दिएमा।

[ख] अपराध परेका १ वर्षभित्र मुद्दा दायर नभएकोमा।

१७. कर्तव्य पालन गर्दा असल नियतले काम गरेमा कर्मचारी दोषी नहुने

बडाहाकिम वा पुलीस कर्मचारीले यस ऐन वा अरू प्रचलित ऐनबमोजिमको आफ्नो कर्तव्य पालन गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा वा अदालतले दिएको वा जारी गरेको डिक्री आदेश वा वारेन्ट तामेल गर्दा असल नियतले गरेकोमा सजायको र हर्जाना तिर्ने भागी हुँदैन।

१८. मुद्दा चलाउने हद म्याद

यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम अनुसार वा उक्त ऐन नियम वा विनियमले अधिकार दिएको भन्ने सम्झी कुनै काम गरेको वा सो गर्ने आशयले गरेको कुनै कामको सम्बन्धमा बडाहाकिम वा पुलीस कर्मचारीकउपर देहायमा लेखिएबमोजिम नभै मुद्दा चल्न सक्तैन ।

[क] मुद्दा चलाउने कारण र वादी हुनेको र निजको वारीस भए त्यसको नाम र ठेगाना खोली लिखित नोटिस बडाहाकिम, पुलीस कर्मचारीलाई बुझाएको वा हुलाकद्वारा रजिष्ट्री गरी पठाएको र त्यसको १ प्रति नक्कल सरकारमा पेश गरेको १ महिना ननाघी,

[ख] मुद्दा चलाउने कारण भएको ८ महिनाभित्र मुद्दा दायर नभई ।

१९. नियम र आदेश बनाउने अधिकार

[१] यस ऐनको उद्देश्य कार्यान्वित गर्नलाई सरकारले नियम बनाउन सक्नेछ।

[२] उपदफा [१] ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपार्नी सरकारले देहायको विषयहरूमा नियम बनाउन सक्नेछ ।

[क] पुलीस फोर्सको गठन र वर्गीकरण को व्यवस्थाबारे ।

[ख] पुलीस फोर्सको निरीक्षणको व्यवस्थाबारे ।

[ग] पुलीस फोर्सलाई दिइने हातहतियार, खानाखानी लुगाफाटा, र अरू आवश्यक वस्तुहरूको विवरण र संख्या निर्धारित गर्नेबारे ।

[घ] पुलीसफोर्सको अफिसर र जवान बस्ने ठाउँ तोक्ने बारे ।

[ङ] पुलीसको साधन-सम्बन्धमा पुलीसफोर्सको स्थापना, प्रबन्ध र व्यवस्था गर्नेबारे,

[च] पुलीसफोर्सको बाँड फाँड, खटनपटन, गतिविधि र स्थानको व्यवस्था गर्नेबारे,

(छ) सबै दर्जा र श्रेणीका पुलीस कर्मचारीको कर्तव्य किटान गर्ने र निजहरुले आफ आफ्नु अधिकार र कर्तव्य पालन गर्ने तरिका र शर्तहरु तोक्नेबारे

(ज) पुलीसले सुराक लाउने र खबर जम्मा गर्ने र सो जाहेर गर्ने व्यवस्था मिलाउनेबारे।

(झ) सामान्यतः पुलीसलाई योग्य बनाउने र निजहरुको कर्तव्यको दुरुपयोग र लापरबाही रोक्ने बारे।

(२) सरकारले जारी गरेको नियम र आदेशको अधिनमा रही उपदफा १ मा लेखिएका विषयहरुबारे पुलीस इन्सपेक्टर जनरलले आदेश जारी गर्न सक्नेछ।

## अनुसूचि

फाराम

पुलीस ऐन २०१२ बमोजिम श्री . . . . . पुलीस फोर्सको जवान नियुक्त हुनु भएको छ र निजले पुलीस कर्मचारीको अधिकार कर्तव्य र सुविधा पाउनुहुनेछ।

सर्टिफिकेट दिने अख्तियारवाला

इति सम्वत् २०१२ साल आश्विन ७ गते रोज ६ शुभम् —

आज्ञाले
लि० क० यशोर थापा
सेक्रेटरी —
कानून तथा संसदीय व्यवस्था विभाग.

# कानून विभाग

श्री ५ महाराजाधिराजबाट बनाई बक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ।

## २०१२ सालको ऐन नं. ६

स्वस्ति श्री गिरिराज चक्रचूडामणी नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अति प्रबल गोरखा दक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्यान्डर इनचीफ श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीरविक्रम जङ्ग बहादुर शाह बहादुर शमशेर जङ्ग देवानाम् सदासमर विजयीनाम्

नेपाल न्याय प्रशासनको प्रणालीमा सुधार र
पुनर्गठन गर्ने ऐन।

---

नेपालमा न्याय प्रशासनको प्रणालीमा सुधार र पुनर्गठन गर्नुपर्ने भएकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:— (१) यस ऐनको नाम न्यायप्रशासन (पुनर्गठन) ऐन २०१२ रहेको छ।

(२) यो ऐन सरकारबाट नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिएको मितिदेखि लागू हुनेछ

२ इलाका अदालत र जिल्ला अदालतको स्थापना:— (१ आवश्यकता अनुसार सरकारले गजेटमा सूचना प्रकाश गरी इलाका र जिल्ला अदालतहरू स्थापना गर्न सक्नेछ र कुन अदालतमा कति जना न्यायाधीशहरू राख्नु पर्ने हो सो पनि सरकार अनुसार भर्ना गर्नेछ।

[२] इलाका अदालत र जिल्ला अदालतको इलाका सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिए बमोजिम हुनेछ।

[३] जिल्ला अदालतको इलाकाभित्र पर्ने इलाका अदालत सो जिल्ला अदालतको मातहतमा र हरेक इलाका र जिल्ला अदालत प्रधान न्यायालयको मातहतमा रहनेछ।

[४] हरेक इलाका अदालत र जिल्ला अदालतको हेडक्वार्टर सरकारले तोकेको ठाउँमा हुनेछ तर प्रधान न्यायालय र सरकारले जिल्ला अदालतको कुनै न्यायाधीशलाई तोकिएको किसिमका मुद्दाहरू हेडक्वार्टरबाहेक सोही इलाकाभित्र अन्यत्र गई कारवाई गरेर किनारा लगाउनु पर्ने आवश्यक देखिएमा सोबमोजिम गर्न सरकारले निर्देश गर्न सक्छ।

३. इलाका अदालतको शुरु कारवाई गर्ने अधिकार क्षेत्रः— देहायका किसिमको मुद्दा मामिलामा इलाका अदालतको शुरु कारवाई गर्ने अधिकार हुनेछ।

[क] झगडा परेको विषयको चल अचल सम्पत्तिको मोल बिगो सदर र भंज्याङ्ग इलाकाभित्र र मधेश तराईमा रु. २००० पहाडमा रु. १००० सम्म भएको र अरू बिगो नखुलेको समेत देवानी मुद्दा मामिला।

[ख] अभियुक्तलाई लाग्ने अपराधमा ठहरे ३ वर्षभन्दा बढी कैदको सजाय हुनेबाहेक अरू दण्ड सजाय हुने फौज्दारी मुद्दा मामिला।

४. जिल्ला अदालतको शुरु कारवाई गर्ने अधिकार क्षेत्रः— देहायका किसिमको मुद्दा मामिलामा जिल्ला अदालतको शुरु कारवाई गर्ने अधिकार हुनेछ।

[क] झगडा परेका विषयको चल अचल सम्पत्तिको मोल बिगो सदर र भंज्याङ्ग इलाकाभित्र र मधेश तराईमा रु. २००० देखि बढी रु. २५००० सम्म पहाडमा रु. १००० देखि बढी रु. २५००० सम्म भएको देवानी मुद्दा मामिला।

[ख] कुनै अभियुक्तलाई लगाइएको कुनै अपराध ठहरे ३ वर्षभन्दा बढी कैदको सजाय हुने फौज्दारी मुद्दा मामिला।

५. दफा ३ मा लेखिएका मुद्दाहरूको अपील तह:— [१] कुन देवानी फौज्दारी मुद्दा मामिलामा इलाका अदालतले गरेको फैसला डिक्री वा अन्तिम आदेशउपर जिल्ला अदालतमा अपील लाग्न सक्नेछ।

[२] [क] त्यस्तो अपील परेको मुद्दा मामिलामा जिल्ला अदालतको निर्णयउपर कानूनी प्रश्नहरूमा चित्त नबुझे प्रधान न्यायालयमा अपील लाग्न सक्नेछ र सो अपील प्रधान न्यायालयको १ जना न्यायाधीशले किनारा लगाउनु पर्छ।

[ख] त्यस्तो अपील परेको मुद्दा मामिलामा शुरू कारवाई गर्ने अदालत र अपील सुन्ने अदालतको राय नमिलेमा प्रधान न्यायालयमा अपील लाग्नेछ र त्यस्तो अपील परेमा प्रधान न्यायालयको १ न्यायाधीशले किनारा लगाउनु पर्नेछ।

६. दफा ४ मा लेखिएका मुद्दाहरूको अपील तह:— (१) जिल्ला अदालतले शुरू कारवाई गरी गरेको फैसला डिक्री वा अन्तिम आदेश उपर प्रधान न्यायालयमा अपील लाग्ने छ। र त्यस्तो अपील परेमा प्रधान न्यायालयको १ न्यायाधीशले किनारा लगाउनु पर्नेछ।

[२] त्यस्तो अपील परेको मुद्दा मामिलामा शुरू कारवाई गर्ने अदालत र प्रधान न्यायालयको १ न्यायाधीशको राय नमिलेमा प्रधान न्यायालयको डिभिजन बेञ्चमा अपील लाग्न सक्नेछ।

७. रू. २५००० भन्दा बढी बिगो हुने भएको देवानी मुद्दा:— [१] चलअचल सम्पत्तिको लेखा लि। रू. २५००० भन्दा बढी रकमको देवानी मुद्दामा प्रधान न्यायालयमा नालिस लाग्नेछ। यस्तो नालिस परेमा २ जना न्यायाधीशले किनारा लगाउनेछ। त्यस्ता मुद्दा हेर्ने स्थान साधारणतः— काठमाडौंमा हुनेछ तर प्रधान न्यायालय र सरकारले दुवै पक्षको

सुविधाको ख्याल राखी अन्यत्र स्थान तोकी प्रधान न्यायालयको कुनै न्यायाधीशलाई त्यस्ता मुद्दाको कारवाई किनारा लगाउन आवश्यक दे-खेमा सोको लागि अन्यत्र स्थान पनि तोक्न सक्नेछ।

[२] त्यस्तो १ जना न्यायाधीशले छिनेको हरएक मुद्दामा डिभिजन बेंचमा अपील लाग्न सक्नेछ।

८. <u>अदालतको निर्णय अन्तिम हुने:—</u> यसऐनमा अरु हुने प्रचलित कानूनमा किटानीसाथ लेखिएका कानूनहरुबाहेक अरुमा शंका नउठोस भन्नाको लागि देहायबमोजिम हुन्छ भनी यहाँ घोषित गरिन्छ।

[क] अदालतको निर्णय अन्तिम हुनेछ र सो निर्णय यसमुद्दा मामिलाका दुवै पक्ष वादीलाई मान्न कर लाग्नेछ।

[ख] एकपटक छिनीसकेको मुद्दामामिला उसै अदालतले दोहर्‍याई हेर्ने हुदैन इन्साफमा तात्विक असर नहुनेगरी छुटफुट पर्न गएको अंकको र लेखको सानातिना भुल सच्याउन हुन्छ।

[ग] कुनै एक अदालतले छिनेपछि माथिल्लो अदालतमा अपील अथवा दोहर्‍याई पाऊं भन्ने निवेदन पत्र लाग्न सक्नेछ।"

९. <u>अपील सुन्ने अदालतको अधिकार:—</u> प्रचलित कानूनले तोकेको सर्त बन्देजमा रही अपील सुन्ने अदालतलाई देहायबमोजिमको अधिकार हुनेछ।

[क] मुद्दामामिलाको अन्तिमरुपले निर्णय गर्ने।

[ख] मुद्दा मामिलामा मुख्य ठहर्‍याउनपर्ने कुरा खुलाई मुनासिब माफिकको टायम तोकी मुद्दाको लगत कायमै राखी सो विषयमा कारवाई र किनारा गर्नको लागि शुरु अदालतमा फिर्ता पठाउने।

[ग] तल्लो अदालतले दिएको डिक्री आदेश सदर उल्टी वा केहि उल्टी गर्ने र सो तल्लो अदालतले गर्न पाउने आदेश फैसला गर्ने।

[घ] आफैले बढी सबुद लिने र शुरु अदालतबाट पनि लिन लगाउने

१०. न्यायाधीशहरूले आफुले हातबाट काम गर्नु पर्ने — [१] हरएक न्यायाधीशले इन्साफ गर्ने काममा आफ्नै हात कलमबाट काम गर्नुपर्छ र खास गरी हरएक मुद्दा मामिलामा

[क] बयान बकपत्र आफ्नै हातबाट लेख्नु पर्दछ।

[ख] मिसिल आफैले हेर्नु पर्दछ, र

[ग] आफ्नै हातबाट फैसला लेख्नु पर्दछ तर प्रधान न्यायालयका न्यायाधीशले स्टेनोग्राफरलाई वा स्टेनोग्राफर नभएमा कुनै क्लर्कलाई टिपाउन (डिक्टेट्) पनि हुन्छ।

[२] कुनै न्यायाधीशबाट उपदफा [१] उल्लंघन भएमा उपदफा [५] मा लेखिएको विशेष अदालत [स्पेसियल ट्रिबुनल] ले ठहराएमा उक्त न्यायाधीशलाई देहायको सजाय हुनेछ।

[क] प्रधान न्यायालयको न्यायाधीशको हकमा बर्खासी।

[ख] अरु न्यायाधीशको हकमा रु १००० सम्मको जरिवाना।

(३) कुनै मेम्बर असिस्टेण्ट फाँटवाला बिचारी वा अरु कुनै व्यक्तिले उपदफा [१] मा उल्लेख भएको इन्साफ गर्ने काम आफ्ना खुशी वा कुनै न्यायाधीशको अह्राइमा गरेमा पनि रु. १०० सम्म जरिवाना हुन्छ।

[४] कुनै न्यायाधीश कर्मचारी वा अरु व्यक्ति उपर्युक्त दफाको कसूरमा सरकारको अनुमति बेगर मुद्दा चल्ने छैन।

[५] प्रधान न्यायालय ऐनको ४२ दफामा उल्लेख भएको विशेषाधिकार प्रयोग गरी श्री ५ महाराजाधिराजबाट खडा गरिबक्सेको विशेष अदालत [स्पेशल ट्रिबुनल] बाहेक अरु कुनै अड्डा अदालतले उपदफा [२] वा [३] बमोजिम कुनै न्यायाधीश कर्मचारी अथवा अन्य व्यक्तिलाई सजाय गर्न सक्दैन।

[६] यो ऐन प्रारम्भ भएको १ वर्ष पछि उपदफा [२] [३] [४] र [५]
मा लेखिएका कुराहरू लागू हुने छैनन् ।

११. अन्तरकालीन व्यवस्था:— [१] यो ऐन प्रारम्भ भएपछि हरएक अघिनो
अदालत देवानी र फौजदारीलाई दफा २ अन्तर्गत खडा भएको इलाका
अदालत र अपील अड्डालाई उक्त दफा २ अन्तर्गत खडाभएको जिल्ला
अदालत भनी मानिने छ र ती अड्डा अदालतका हाकिमहरू दफा २ अन्त-
र्गत नियुक्त भएका न्यायाधीशहरू भनी मानिने छन् र सोही हिसाबले यो
ऐनमा लेखिएका कुराहरू लागू हुनेछ ।

[२] सरकारले दफा २ को उपदफा [२] बमोजिम गजेटमा सूचना प्रकाश
गरी तोकेको नगरेसम्म हरएक अदालतको इलाका हाल भइरहेबमोजिम
कायम रहनेछ ।

१२. कामबाँकी मुद्दा मामिला सार्ने:— यो ऐन प्रारम्भ भएपछि:—

[क] दफा ४ मा लेखिएबमोजिमका हरएक काम बाँकी भएका मुद्दा
मामिला उपर्युक्त जिल्ला अदालतमा सरेका भएको मानिने छ
र सो अदालतले पनि बाँकीमा उचित कारवाई गरी किनारा
लगाउन पर्नेछ ।

[ख] दफा ५ मा उल्लेख भएका किसिमका हरएक मुद्दा मामिलाको
निर्णय उपर परेका काम बाँकी अपील प्रधान न्यायालयमा सरे-
का भएको मानिने छ र प्रधान न्यायालयले पनि दफा ६ बमो-
जिम कारवाई गरी किनारा लगाउनु पर्नेछ ।

[ग] छिन्न बाँकी भएका दफा ७ मा उल्लेख भएका किसिमका
मुद्दा र अपीलहरू प्रधान न्यायालयमा सरेका भएको मानिने
[illegible]भएको मुद्दा र अपीलहरू परेमा अवस्थाअनुसार एक न्यायाधी-
श वा डिभिजन बेन्चले दफा ७ बमोजिम हेरी फैसला गर्ने छ ।

१३. सरकारी प्लीडर [वकील] तथा प्रोसीक्युटर:— (१) आवश्यकता अनुसार हरेक जिल्लाको निमित्त सरकारले प्लीडर [वकील] तथा प्रोसीक्युटर नियुक्त गर्न सक्नेछ र त्यस्ता प्लीडर [वकील] तथा प्रोसीक्युटरहरू बडाहाकिमको मातहतमा रहने छन्।

[२] जिल्लाको अदालतहरूमा परेको सबै मुद्दा मामिलामा सरकारको तर्फबाट मुद्दा चलाउने बहस गर्ने तिनीहरूको कर्तव्य हुनेछ।

[३] यो ऐन प्रारम्भ भएपछि—

[क] प्रचलित कानूनले अहिले अदालत र फौजदारीका हाकिमहरूले गरी आएको सरजमीन, तहकिकात सम्बन्धी सबै कामहरू कुनै न्यायाधीशले गर्ने छैन

[ख] त्यस्ता सबै कामहरू सरकारी प्लीडर [वकील] तथा प्रोसीक्युटरले गर्ने छन्।

१४. सरकारको नियम बनाउने अधिकार:— यस ऐनमा लेखिएका कुराहरू कार्यान्वित गर्नका लागि सरकारले नियमहरू बनाउन सक्नेछ।

१५. बाधा अड्काउ हटाउने अधिकार:— यो ऐन कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा सरकारले ती बाधा अड्काउ फुकाउनको लागि गजेटमा सूचना प्रकाश गरी चाहिँदा आदेश निकाल्न सक्ने छ र त्यस्तो हरेक आदेश यस ऐनमा परे सरह मानिने छ तर यस्तो आदेशले प्रचलित ऐन काटिने अथवा यस्ता ऐन निकाल्दाको रीत पुऱ्याउनु पर्छ।

१६. खारेजी:— यो ऐनमा लेखिए जति प्रचलित कानून खारेज भएको वा अवस्थानुसार यस ऐन सँग मिल्ने गरी संशोधित भएको मानिनेछ।

इति सम्वत् २०१२ साल आश्विन ७ गते रोज ६ शुभम्।

आज्ञाले:—

तिलकशम्सेर थापा,

सेक्रेटरी— कानून तथा संसदीय प्रबन्ध विभाग